# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
## थापाथली, काठमाडौंको
## सूचना

नेपाल सरकारको नागरिक बचतपत्रको प्राथमिक तथा दोश्रो बजार कारोवार र बोलकबोलको माध्यमबाट निष्कासन नभएका विकास ऋणपत्रको दोश्रो बजार कारोवारका लागि शर्त सहित बजार निर्माताको कार्य गर्न इच्छुक नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र हाल इजाजत पत्र लिई कारोवार गरी रहेका संस्थाहरुले समेत आर्थिक वर्ष २०६७/६८ को लागि नयाँ इजाजत पत्र लिन वा इजाजतपत्र नवीकरण गर्न चाहेमा २०६७ जेष्ठ २६ गते भित्र देहायका कागजात संलग्न गरी रीतपूर्वकको आवेदन आव्हान गरिन्छ ।

(क) बजार निर्माताको इजाजत पत्र नविकरणका लागि

(१) हालको इजाजतपत्रको सक्कल प्रति,

(२) आ.व.२०६५/६६ को वित्तीय प्रतिवेदन र

(३) नेपाल राष्ट्र बैंक ना.नो.आ.हि.फूटकर हिसाबमा रु.१००।-जम्मा गरेको सक्कल भौचर ।

(ख) बजार निर्माताको नयाँ इजाजतपत्र लिनका लागि

(१) आ.व.२०६५/६६ को वित्तीय प्रतिवेदन,

(२) बैंक तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली,

(३) नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न प्रदान गरेको इजाजत पत्रको प्रतिलिपि

(४) नेपाल राष्ट्र बैंक, ना.नो.आ.हि.फुटकर हिसावमा इजाजतपत्र दस्तुर बापत जम्मा गरेको रु.१,०००।- को सक्कल भौचर ।

उपर्युक्त म्याद पछि इजाजतपत्र नवीकरण गर्न चाहने संस्थाले थप सात दिनसम्मका लागि रु.१,०००।- थप दस्तुर र नयाँ इजाजतका लागि आवेदन दिन चाहने संस्थाले उपर्युक्त दस्तुरको दोब्बर दस्तुर तिरी आवेदन दिन सकिने छ । सो थप म्यादभित्र समेत नवीकरणका लागि आवेदन पेश नगरेमा त्यस्ता बजार निर्माताको इजाजतपत्र स्वतः रद्द भएको मानिनेछ ।

इजाजतपत्र नवीकरण नभएका बजार निर्माताको स्वामित्वमा भएका सबै ऋणपत्र विभागले नै खरिद गर्नेछ । इजाजतपत्र लिन आउँदा संस्थाको आधिकारिक पत्र र छाप अनिवार्यरुपमा लिई आउनु पर्नेछ ।